बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# कृषि विकास निर्देशनालय

हेटौंडा, नेपाल

## च्याउको क्यानिङ्ग उद्योगलाई सहयोग कार्यक्रममा सहभागी हुन प्रस्ताव आह्वानको सूचना !

**प्रथम पटक प्रकाशित मिति : २०८१/०७/२८**

कृषि विकास निर्देशनालय, हेटौंडाको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम **"च्याउको क्यानिङ्ग उद्योगलाई सहयोग"** मा प्रस्ताव पेश गर्न इच्छुक बागमती प्रदेश भित्रका आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले २१ दिन (मिति २०८१/०८/१८) भित्र तपसिल बमोजिमको कागजातहरु संलग्न गरी यस निर्देशनालयको वेबसाइट (https://doadbagamati.gov.np) मार्फत अनलाइन प्रस्ताव पेश गर्नुहुन अनुरोध छ। रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

कार्यक्रम विवरणः

| क. सं. | कार्यक्रमको नाम | कुल स्वीकृत बजेट | साझेदार संस्था वा आवेदक | साझेदारी रकम | स्वीकृत कार्यविधिको नाम |
|---|---|---|---|---|---|
| १ | च्याउको क्यानिङ्ग उद्योगलाई सहयोग | रू. ४० लाख | कृषि कार्यमा संलग्न सहकारी, निजि कृषि फर्म | सम्बन्धित कार्यविधिको दफा २४ अनुसार | एकीकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ |

<u>संलग्न गर्नुपर्ने कागजात</u>

१. निवेदन
२. संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,
३. संस्थाको स्थायी लेखा नम्बर (PAN) र गत आ.व. को करचुक्ता,
४. संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा),
५. अनुसूची -४ अनुसारको प्रस्ताव,
६. अन्य निकायबाट सोहि प्रकृतिको कार्यक्रममा अनुदान नलिएको/नलिने प्रतिवद्धता पत्र,
७. लालपुर्जा र जग्गाधनीको नागरिकताको प्रतिलिपि
८. संरचना निर्माण गरिने प्रस्तावित जग्गा रोक्का नरहेको पत्र साथै करारनामा भए स्थानीय तहसँगको रोहबरमा कम्तिमा १५ वर्षको करारनामा भएको हुनुपर्ने
९. कच्चा पदार्थ पर्याप्त रहेको कागजात, च्याउ उत्पादक कृषकहरुसँगको खरिद बिक्री सम्झौता पत्रको प्रतिलिपि
१०. आवश्यक अन्य कागजात।

पुनश्चः विस्तृत जानकारीको लागि फोन नं. ०५७-५२०४६६ वा ९८४५२०४१५७२ मा सम्पर्क राख्नु हुन वा सम्बन्धित कार्यविधिः "एकीकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" निर्देशनालयको वेभसाइट http://doad.bagamati.gov.np/ बाट डाउनलोड गर्न सक्नुहुनेछ।

सुधी... श्रेष्ठ
निर्देशक
अधिकृतस्तर एघारौं